## कीटनाशक चिसो न्यापकिन



- हात पुछ्नको लागि कीटनाशक न्यापकिन प्रयोग गर्नुहोस् ।
- यो बाह्य प्रयोगको लागि मात्र हो । त्यसैले आँखालाई जोगाउनुपर्छ ।
- यदि जलन भयो भने प्रयोग नगर्नुहोस् ।
- बच्चाले भेट्ने ठाउँमा नराख्नुहोस् । वयस्क व्यक्तिको निगरानीमा मात्र बच्चालाई प्रयोग गर्न दिनुहोस् ।
- प्रयोग गरिसकेपछि सुक्न दिनुहोस् ।
- प्रयोग गरेको न्यापकिन फोहोर फाल्ने भाँडामा फाल्नुहोस् । चर्पीमा नफाल्नुहोस् ।

## महिनावारी झोला



- यो झोलामा सेनेटरी प्याड या कपडाको प्याड राख्नुहोस् ।
- महिनावारी भएको बेलामा तातो चिया पिउनको लागि चियापत्ती र चिनीको पाकेट पनि राख्नुहोस् ।
- साबुन र नङ्ग कटर राख्नुहोस् ।




## प्याड प्रयोग गर्ने सही तरिका










- महिनावारीको बेला महिनावारी स्वच्छता व्यवस्थापन झोलामा भएको सेनेटरी प्याड, सफा कपडा या पुन: प्रयोग गर्न मिल्ने प्याड प्रयोग गर्नुहोस् । योनीमा हुने विभिन्न संक्रमणबाट बच्न सकिन्छ ।
- कम्तीमा ६ घण्टाको फरकमा प्याड फेर्नुहोस् । यदि तपाईंले पुन: प्रयोग गर्न मिल्ने प्याड प्रयोग गर्नु भएको छ भने साबुन या लुगा धुने पाउडरले प्याड र कट्टु धुनुहोस् । यसले महिनावारी भएको बेला चिलाउने र जलनबाट जोगिन सहयोग गर्दछ ।




- रोग वा किटाणुहरुको संक्रमणबाट बच्न प्याड फेर्नु भन्दा पहिले र फेरिसकेपछि साबुनपानीले राम्ररी हात धुनुहोस् ।


**गुड नेवर्स इन्टरनेशनल नेपाल**

**स्वास्थ्य अधिकार प्रवर्द्धन परियोजना, बाजुरा**

फोन : ९७७-०९७-५४१२०९


KOICA

People Peace Prosperity Planet

Good Neighbors International

# महिनावारी स्वच्छता व्यवस्थापन किट निर्देशिका




## स्वास्थ्य अधिकार प्रवर्द्धन परियोजना, बाजुरा

PeaceWin शान्तिदीप

KIRDARC ...together for social justice



# महिनावारी स्वच्छता व्यवस्थापन किटको परिचय :

महिनावारीलाई सम्मानित र मर्यादित बनाउनका लागि चाहिने न्यूनतम सामग्रीहरु समावेश गरिएको थैलीलाई महिनावारी स्वच्छता व्यवस्थापन किट भनिन्छ ।

## महिनावारी स्वच्छता व्यवस्थापन भन्नाले:

- ✦ सफा र नरम कपडा या सेनेटरी प्याडको प्रयोग गर्नु हो ।
- ✦ ४ देखि ६ घण्टाको अन्तरालमा गोपनीयता कायम गर्दै प्याड फेर्नु हो ।
- ✦ प्याड या कपडा फेरिसकेपछि प्रत्येकपल्ट साबुनपानीले हात धुनु हो ।
- ✦ प्रयोग गरिएको प्याडलाई जथाभावी नफ्याँकी उचित व्यवस्थापन गर्नु हो ।
- ✦ रगतको टाटो नदेखिने गरी साबुनपानीले कपडा धोइ प्रत्यक्ष धाममा सुकाउनु हो ।
- ✦ महिनावारी भएको बेला सफा र सुरक्षित ठाउँमा बस्नु हो ।
- ✦ विद्यालय जानु र घरको चर्पी प्रयोग गर्ने जस्ता दैनिक क्रियाकलाप गर्नु हो ।
- ✦ नुहाउने तथा जननेन्द्रिय वरिपरि सरसफाई जस्ता व्यक्तिगत सरसफाईमा विशेष ध्यान दिनु हो ।
- ✦ पर्याप्त आराम गर्ने तथा दूध, दही, फलफूल, माछामासु जस्ता पोषणयुक्त सन्तुलित खानेकुरा खानु हो ।

## किट प्रयोग गर्नाले हुने फाइदाहरू

- • महिनावारीलाई सुरक्षित, स्वस्थकर र सहज व्यवस्थापन गर्न सहयोग गर्दछ ।
- • महिनावारी भएको बेला हिंड्डुल गर्न सहज गर्दछ ।
- • महिनावारीलाई राती सुरक्षित किसिमले व्यवस्थापन गर्न सकिन्छ ।

## महिनावारी स्वच्छता व्यवस्थापन सामग्री सूची तथा प्रयोग विधि

### सेनेटरी प्याड









- प्याड फेर्नुभन्दा पहिले साबुनपानीले हात धुनुहोस् ।
- प्याडमा टाँसिएको कागजलाई हटाउनुहोस् ।
- प्याडको टाँसिने भागलाई कट्टुको भित्री भागमा राख्नुहोस् ।
- प्रत्येक ६ घण्टाको अन्तरालमा सेनेटरी प्याड फेर्नुहोस् ।
- प्याड फेर्नुपर्ने भएमा भित्री लुगाबाट प्याड निकाल्नुहोस्, पट्याउनुहोस् र कागज वा पुरानो पत्रिकामा बेर्नुहोस् वा नचुहिने झोलामा हाल्नुहोस् र सुरक्षित किसिमले फोहोर फाल्ने भाँडामा फाल्नुहोस् । प्रयोग भएको प्याड चर्पी भित्र फाल्नुहुँदैन, यसले फोहोर जाने पाइप बन्द हुन सक्छ ।
- प्याड प्रयोग गरिसकेपछि सधैं साबुनपानीले राम्ररी हात धुनुहोस् ।

### साबुन




- विभिन्न रोग र संक्रमणबाट बच्न तथा स्वस्थ रहन अर्को पानामा देखाइएको जस्तै गरी चरणबद्ध रुपमा साबुन र पानीले मिची मिची हात धुनुहोस् ।

### लुगा धुने पाउडर








- तपाईंको भित्री लुगासहित अन्य लुगा पनि यो पाउडरले धुनुहोस् ।
- लुगा धुने पाउडर सधैं बालबालिकाको पहुँच भन्दा टाढा राख्नुहोस् ।

प्रयोग गर्ने तरिका :

- ✦ बाल्टिन या अन्य कुनै भाँडामा पानी लिनुहोस् । त्यसमा १ या २ चम्चा लुगा धुने पाउडर घोल्नुहोस् ।
- ✦ भित्री लुगा, पुनः प्रयोग गर्न मिल्ने प्याड र अन्य लुगा १ घण्टा जति भिजाउनुहोस् ।
- ✦ १ घण्टापछि सबै लुगा राम्ररी मिच्नुहोस् र सफा पानीले लुगा धुनुहोस् ।
- ✦ घाममा कीटाणु मर्ने हुँदा घाममा लुगा सुकाउनुहोस् ।

**सावधान : राम्ररी नसुकेको कट्टु या प्याडले संक्रमण हुनसक्छ ।**

### लुगा सुकाउने डोरी र च्याप्ने पिन





- सुल्टो पारेर लुगा सुकाउँदा फोहोर लाग्न सक्छ, त्यसैले जहिले पनि उल्टो पारेर, पिनले लुगा च्यापेर डोरीमा सुकाउनुहोस् ।
- सेतो लुगालाई टन्टलापुर घाममा सिधै सुकाउनुहोस् तर रंगिन कपडालाई उल्टो गरेर सुकाउनुहोस् । उल्टो सुकाउँदा घामले लुगा खुइलिदैन ।